दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ४७ | बुटवल | २०८२ माघ २७ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday February 10, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

# आचारसंहिता मिच्दै दुई दर्जन ठाउँमा रविको कोणसभा

निर्वाचन आचारसंहिता मिचेर राष्ट्रिय स्वतन्त्र पार्टीका रवि लामिछानेले सोमबार रूपन्देहीका दुई दर्जन ठाउँमा कोणसभा गरे । यो घटनाले रास्वपा निर्वाचन आचारसंहिता पालना गर्न उदासिन देखिएको टिप्पणी भएको छ ।

**मोहम्मद हबिब**

*भैरहवा*

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अहिले भेटघाट चलिरहेको छ । कसैले व्यक्तिगत रुपमा त कसैले सामूहिक रुपमा भेटघाट गरिरहेका छन् । रुपन्देहीमा पनि यो क्रम चलिरहँदा राष्ट्रिय स्वतन्त्र पार्टीले रुपन्देहीको ५ वटै निर्वाचन क्षेत्रमा कार्यक्रम गरेको छ। सुप्रिम सहकारीको बचत अपचलनमा ठगीको मुद्दाको तारेख लिन जिल्ला अदालत रुपन्देही आएको बेला रास्वपा सभापति रवि लामिछानेले जनसम्पर्क तथा घण्टी अभिवादन कार्यक्रम भन्दै आचारसंहिताविपरीत कोणसभा गरेका छन् । उम्मेदवारहरूले निर्वाचन आचारसंहिताको पालना गर्ने प्रतिबद्धता जनाए पनि रास्वपाले आचारसंहिता उल्लंघन गरेको हो ।



निर्वाचन आचारसंहिता २०८२ को दफा १३ मा मतदान हुने दिनभन्दा सत्र दिन अगाडि अर्थात् फागुन ४ गतेदेखि मात्रै जुलुस आमसभा, वा कोणसभा गर्न, सञ्चार माध्यममा प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न, प्रचारप्रसारको लागि घरदैलो कार्यक्रम गर्न पाउने उल्लेख गरेपनि लामिछानेले सोमबार रूपन्देहीका दुई दर्जन ठाउँमा कोणसभा गरे ।

दफा १३ को (ख) मा स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा वा भेला गर्न नहुने र दफा १३ को (ग)मा जुलुस आमसभा कोणसभा वा भेला गर्नु अघि स्थानीय प्रशासन र प्रहरीलाई मिति समय मार्ग र स्थानको बारेमा कम्तीमा २४ घण्टा अगाडि जानकारी गराउनु पर्ने उल्लेख भए पनि सोलाई लत्याउँदै कोणसभा भएको हो ।

उपस्थितहरुले पनि आचारसंहिताविपरीत व्याच र चुनाव चिन्ह घण्टी बजाउँदै बिहानैदेखि रुपन्देहीका ५ वटै निर्वाचन क्षेत्रको विभिन्न भागमा दर्जनौ गाडीको लस्करसहित ऱ्याली र सभा गरेका छन् ।

समाजिक सञ्जलामा पनि आइतबारबाटै देवदहको खैरेनीबाट जिल्लाको विभिन्न क्षेत्रका २६ स्थानमा निर्धारित तालिकाअनुसार नै कार्यक्रम हुने गरी प्रचार गरिएको थियो । सबै स्थानमा औपचारिक सम्बोधन नभए पनि केही ठाउँमा भाषण भएको थियो । उनले निर्वाचन क्षेत्रका रास्वपाका उम्मेदवारलाई अघि सारेर कार्यक्रम गरेका थिए ।

जिल्ला निर्वाचन अचारसंहिता अनुगमन समिति अधिकृत सहायक प्रमुख जिल्ला अधिकारी मातृका आचार्यले जिल्लाका सबै निर्वाचन क्षेत्रबाट फोन, सामाजिक सञ्जाल र लिखित रुपमा २०-३० वटा उजुरीहरु प्राप्त भएको छ, छिटफुट घटना भएकोले सबैलाई जानकारी गराएको आचारसंहिता पालना गराउने तर्फ लागेका बताए ।

रवि लामिछानेले कोणसभा गरेको जानकारी नआएको, तर विभिन्न ठाएमा रुट बनाएर आचारसंहिता पालना गरेर भेटघाटको कार्यक्रम गर्ने जानकारी आएको बताए । 'हिजै हामीले सम्बन्धितलाई व्यवस्थित गर्नका लागि अनुरोभ गरेका थियौं ।'-उनले भने ।

समग्र जिल्लाबाट गम्भीर प्रकृतिको नभई सामान्य उल्लंघनको उजुरी आएकोले सम्बन्धितलाई सो को जानकारी गराएको, निगरानी गरी केही हटाउन लगाइ आचारसंहिता पालना गराउनेतर्फ लागेको उनको भनाइ छ ।

पोस्टर टासेको, व्यानर टासेको, कार्यकर्तालाई भोज खुवाएकोलगायतको उजुरी आएको र त्यसलाई बन्द गराई सकारात्मक नतिजा आएको बताउँदै अधिकृत आचार्यले जिल्लामा आएको सबै उजुरी फछ्र्यौट भएको जानकारी दिए ।

**के बोले रविले ?**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले रुपन्देही क्षेत्र नं. ३ मा आगामी निर्वाचनलाई देशको दिशा बदल्ने अवसरका रूपमा उपयोग गर्न आग्रह गरेका छन् । जनसम्पर्क कार्यक्रममा उनले मतदाताले आफ्नो रोजाइ मनमै तय गरिसकेको उल्लेख गर्दै अब त्यसलाई मतदानमार्फत् अभिव्यक्त गर्ने समय आएको बताए । लामिछानेले क्षेत्रीय उम्मेदवार डा. लेखजंग थापालाई सक्षम नेतृत्वका रूपमा प्रस्तुत गर्दै देश निर्माणका लागि नयाँ सोंच र प्रतिबद्ध व्यक्ति आवश्यक रहेको धारणा राखे । उनका अनुसार यस्ता उम्मेदवारले राजनीतिक अभ्यासलाई परिणाममुखी बनाउने विश्वास दिलाउँछन् । समानुपातिकतर्फका उम्मेदवार ज्ञान पौडेललाई पनि उनले निडर र योग्य प्रतिनिधिका रूपमा चित्रित गर्दै संसदमा पुऱ्याउन मतदातासँग अपिल गरे ।

उनले विगतका चुनावहरूले अपेक्षित परिवर्तन दिन नसकेको स्मरण गराउँदै यसपटक सुशासन र भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता दिनुपर्ने बताए । प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीमा पार्टीलाई समर्थन गर्न आग्रह गर्दै लामिछानेले मतदाताको भरोसाले मात्रै राजनीतिक परिवर्तन सम्भव हुने उल्लेख गरे । एनले देशलाई अघि बढाउने जिम्मेवारी अब नागरिककै हातमा रहेको बताए ।

## आयोगको म्याद थप



बुटवल । सरकारले जेनजी आन्दोलनको छानबिन गर्न बनेको जाँचबुझ आयोगको समय अवधि थप गरेको छ ।

सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बसेको मन्त्रिपरिषद् बैठकले समय अवधि थप गर्ने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता समेत रहेका गृहमन्त्री ओमप्रकाश अर्यालले दिएको जानकारी अनुसार, आयोगको समय अवधि २५ दिन थप गर्ने निर्णय भएको हो । उनले भने-'भदौ २३ र २४ गतेको घटनाको निष्पक्ष छानबिन गर्न बनेको जाँचबुझ आयोगको समय अवधि २५ दिन थप गर्ने निर्णय भएको छ ।'

## नेकपाको युवा परिचालन समिति

बुटवल । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै नेपाली कम्युनिष्ट पार्टी (नेकपा) रुपन्देहीले क्षेत्र नं. २ मा कृष्णबहादुर थापाको संयोजकत्वमा ३ सय १ सदस्यीय युवा परिचालन समिति गठन गरेको छ । बुटवलमा सम्पन्न भेलाले समितिको सह-संयोजकहरुमा प्रकाश परियार, सिर्जन थापा, धनसिंह खाम्चा र गोबिन्द खरेललाई चयन गरेको छ । रुपन्देहीको बुटवल उप-महानगरपालिकाका १३ वडा, तिलोत्तमाका ६ वडा र सैनामैनाका ४ वडामा नेतृत्वमा रहेका युवाहरुलाई परिचालन समितिमा राखिएको नेकपाले जनाएको छ ।

निर्वाचनको मिति नजिकिँदै जाँदा निर्वाचन बिथोल्ने गतिविधि र आम मतदातालाई अनेक प्रलोभन देखाएर प्रभावित पार्ने अवस्थालाई न्यून गर्न युवाहरुले भूमिका खेल्ने संयोजक कृष्ण थापाले बताए ।

उनका अनुसार युवा परिचालन समितिले आफ्ना उम्मेदवारलाई विजयी बनाउन मतदाता शिक्षा र चुनाव चिन्हका बारेमा समेत जनतालाई जागरुक बनाउन भूमिका खेल्ने छ । युवा परिचालन समिति भेलामा बोल्दै नेकपा रुपन्देही क्षेत्र नं. २ का नेकपाका उम्मेदवार तथा युवा नेता सुवास पाण्डे 'विश्वदीप'ले चुनाव जितेपछि नीतिगत कामका लागि संसदमा आवाज उठाउँदै युवाहरुलाई स्वरोजगार बनाउन आफूले महत्वपूर्ण पहलकदमी लिने प्रतिबद्धता व्यक्त गरे । उम्मेदवार पाण्डेले रुपन्देहीको विकासका साथै समग्र लुम्बिनी प्रदेशको विकासमा आफूले नेतृत्व गर्न चाहेको उल्लेख गर्दै पार्टीका शीर्षथ नेताहरुसँगको सहकार्यबाट प्राप्त अनुभवलाई जनताको हितमा प्रयोग गरिने बताए ।

युवाहरुले उठाएका विभिन्न जिज्ञाषाहरुको जवाफ दिँदै उनले आफू विजयीपछि जेनजी आन्दोलनको मर्म र भावनाअनुसार कुनै राजनीतिक पूर्वाग्रहबिना जनताको सेवामा हरदम खटिने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा बोल्दै नेकपाका केन्द्रीय सदस्य एवं रुपन्देही क्षेत्र नं.२ निर्वाचन परिचालन समितिका संयोजक नारायण जी.सी. 'निर्मल'ले आफ्नो पार्टीको उम्मेदवार विचारमा प्रतिवद्ध, भ्रष्टचारमा कुनै दाग नलागेको निष्कलंक रहेको र विकासको स्पष्ट खाका लिएर चुनावमा होमिएकाले तारा चिन्हमा मतदान गरेर विजयी बनाउन आम मतदातालाई आग्रह गरे ।

युवा परिचालन समितिका संयोजक कृष्णबहादुर थापाको अध्यक्षतामा सम्पन्न भेलामा नेकपाका नेता एवं निर्देशक समितिका संयोजक राम परियार, प्रकाश परियारलगायतले आ-आफ्नो धारणा राखेका थिए ।

## खानेपानीको पहुँच ९८ प्रतिशत

बुटवल । मुलुकमा खानेपानी र सरसफाइको पहुँच ९८ प्रतिशत पुगेको छ । तर, पानीको गुणस्तर भने राम्रो छैन । परीक्षण गरिएका ६०.४ प्रतिशत घरपरिवारको पिउने पानीमा हानिकारक ई-कोली जीवाणु भेटिएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले 'नेपाल बहुसूचक सर्वेक्षण २०८१/०८२' को पूर्ण नतिजा प्रतिवेदन सार्वजनिक गर्दै सो कुराको जानकारी दिएको हो । स्वास्थ्य विज्ञहरुका अनुसार, ई-कोली मानव तथा जनावरको आन्द्रामा प्राकृतिक रूपमा पाइने जीवाणु हो । अधिकांश ई. कोली हानिरहित हुन्छन् र पाचन प्रक्रियामा सहयोग गर्छन् । तर, यसको केही प्रकार जसले झाडापखाला, पेट दुख्ने, बान्ता, र कहिलेकाहीँ गम्भीर स्वास्थ्य समस्या समेत निम्त्याउने गर्दछ ।

यो जीवाणु प्रायः दूषित पानी, अस्वस्थ खाना, काँचो वा राम्रोसँग नपाकेको मासु तथा फोहोर हातमार्फत् सर्छ । सुरक्षित खानेपानी प्रयोग गर्ने, खाना राम्रोसँग पकाउने र हात सफा राख्ने बानी अपनाए ई-कोलीबाट हुने संक्रमणबाट बच्न सकिन्छ ।

देशभरका १२ हजार ९६० घरपरिवारमा पुगेर यो अध्ययन भएको हो । सर्वेक्षणको नतिजाअनुसार नेपालमा बाल मृत्युदरको अवस्थामा सुधार देखिएको छ । प्रति १००० जीवित जन्ममा शिशु मृत्यु २७ जना र पाँच वर्षमुनिका बालबालिकाको मृत्यु ३१ जना रहेको पाइएको छ ।

प्रदेशगतरूपमा हेर्दा सुदूरपश्चिम प्रदेशमा मृत्युदर सबैभन्दा उच्च छ । भने बागमती र गण्डकी प्रदेशमा यो दर तुलनात्मक रूपमा कम देखिएको छ । स्वास्थ्य सेवाको पहुँचका सन्दर्भमा ८५ प्रतिशत महिलाले कम्तीमा चार पटक पूर्वप्रसूति जाँच गराएका छन् । भने ९१.४ प्रतिशत प्रसूति दक्ष स्वास्थ्यकर्मीबाट हुने गरेको पाइएको छ ।

बाल पोषणको क्षेत्रमा अझै सुधारको आवश्यकता औंल्याउँदै प्रतिवेदनले ३१.५ प्रतिशत बालबालिकामा पुड्कोपन र २४.३ प्रतिशतमा उमेर अनुसारको तौल कमी (लिखुरे) रहेको उल्लेख गरेको छ । मधेश प्रदेशमा लिखुरेपनको समस्या सबैभन्दा बढी ३३.२ प्रतिशत छ । ६९.७ प्रतिशत आमाले ६ महिनासम्म आफ्नै दूध मात्र खुवाउने गरेका छन् । जसमा सुदूरपश्चिम प्रदेश सबैभन्दा अगाडि छ ।

शिक्षातर्फ आधारभूत तहमा विद्यालय बाहिर रहने बालबालिकाको संख्या न्यून रहेको तथ्यांकले देखाएको छ । माध्यमिक तहमा १३.२ प्रतिशत पुगेको देखिन्छ ।

## नगरपालिकामा किन हुँदैछ सास्ती ?




भैरहवा । सिद्धार्थनगर नगरपालिकामा सोमबार बिहान १० बजे कार्यालय खुल्ने बित्तिकै पुगेका सेवाग्राहीले कार्यालयमा कर्मचारी भेटेनन् । कर्मचारी आउने आशाले कुरेका उनीहरु रित्तै फर्किए ।

सिद्धार्थनगरका अधिकांश शाखाका कर्मचारी शाखा नै खाली गरेर बाहिरिएपछि सेवाग्राहीलाई सास्ती भएको हो ।

सेवाग्राहीको सेवालाई प्राथमिकतामा राख्नु पर्ने कर्मचारी आफू नभएपछि अख्तियारी दिएर जानुको साटो पुरै शाखा नै खाली गरेर गएको पाइएको हो । अपरान्ह २ बजे सिद्धार्थनगर कार्यालय पुग्दा एक सेवाग्राहीले बिहानैदेखि सेवाका लागि कुरेको, तर अहिलेसम्म कोही नआएको नआएको गुनासो गरे । 'म कामले आएको सम्बन्धित शाखा नै सबै रित्तै छन्,कर्मचारी भेटिएनन् ।'- उनले भने ।

यस्तै स्थानीय चन्द्रु कहारले जनताको सेवक भएकोले कर्मचारी र जनप्रतिनिधिहरु कार्यालय समयमा अनिवार्य रुपमा सेवा दिनु पर्ने बताउँछन् । कार्यालय समय बाहेक र अतिआवश्यक काम भए सेवा अवरोध नहुने गरी अख्तियारी दिएर जानु पर्नेमा नगरपालिका नै खाली गरेर कर्मचारी जानु राम्रो नभएको उनले बताए । 'कामकालागि आएको, न त मेयर साव हुनुहुन्छ, न हाकिम, पटक-पटक आएर पनि धेरै सेवाग्राही फर्केका छन् ।'- उनले भने ।

बिहान ११ बजेदेखि २ बजेसम्मको समयमा दैनिक लुम्बिनीकर्मी कार्यालय पुग्दा नगरपालिकामा एकाध कर्मचारी बाहेका अधिकांश शाखाको कुर्सी खाली थिए । सेवाग्राहीहरु एकतिर थिए भने उपस्थित कर्मचारी पनि कहीँ खाली र मोबाइल चलाइरहेका थिए । नगरपालिकाको काम कारबाही गर्ने अधिकांश कर्मचारीहरु नभएपछि सोधखोज गर्दा केही कर्मचारी फिल्डमा भएको र केही खेलमा सहभागी हुनका लागि गएको जानकारी प्राप्त भयो ।

कर्मचारीले सेवाग्राही कुर्नुपर्ने ठाउँमा सेवाग्राहीले कर्मचारी कुरेर बसेका थिए । तोकिएको शाखामा कर्मचारीहरु नहुँदा सेवा प्रवाह भएको थिएन । अहिले धेरै काम स्थानीय तहमा आएको हुँदा कर्मचारीको मनपरीले गर्दा स्थानीयले सास्ती पाउने गरेका छन् ।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## एजेण्डाको आधारमा छनौटको अधिकार

फागुन २१ मा हुन लागेको प्रतिनिधिसभाको चुनावको माहौल अझै तात्न सकेको छैन। मुलुकमा चौतर्फी निराशा र आक्रोशको निशानामा दलहरु परेका छन् । मुलुकमा लामो समयदेखि चलिरहेको राजनैतिक अस्थिरताको दुष्चक्र दलहरुले संविधान बनेपछि तोड्छन् भन्ने विश्वास टुटेको छ।

संविधान निर्माणपछि भएको पहिलो प्रतिनिधिसभा निर्वाचनमा पार्टी एकता गर्ने गरी एमाले र एमाओवादीको गठबन्धनले झण्डै दुई तिहाई नजिक जित हासिल गऱ्यो । पार्टी एकता भयो, त्यो एकता बिचमै तुहिएपछि राजनैतिक अस्थिरताको दुष्चक्र निरन्तर छ। जेनजी आन्दोलन र विध्वंशपछि हुन लागेको यो चुनावमा नयाँ र पूराना दल भन्ने भाष्य खडा गरिएको छ, नयाँ र पूराना दल भन्ने भाष्य खडा गरेर आम नागरिकलाई भ्रम श्रृजना गर्न खोजिएको छ। नयाँ दल र उम्मेदवार सबै ठिक र पूराना भनिएका दल र उम्मेदवार सबै खराब भन्ने भाष्य खडा गरेर 'लोकप्रियतावाद'को जालोमा नागरिक परेका छन् । चुनावमा राजनैतिक दलका एजेण्डा हुन्छन् । एजेण्डाको आधारमा दल र उम्मेदवार जनताको घरदैलोमा मत माग्न जानु स्वभाविक हो । राजनैतिक दलको एजेण्डाका आधारमा आफूलाई मन परेको दल र उम्मेदवारलाई मत दिने अधिकार मतदातालाई छ । तर मतदाताको यो अधिकार संकुचित गर्न खोजिएको छ। सामाजिक सञ्जालको अल्गोरिदमका कारण यतिखेर मतदाता दिग्भ्रमित भइरहेका छन् । राजनैतिक दल र उम्मेदवारको एजेण्डाका आधारमा छनौटको सार्वभौम अधिकारबाट मतदाता वञ्चित भएका छन् । सामाजिक सञ्जालले मतदाताको मनलाई स्वतन्त्रतापूर्वक निर्णय गर्न दिइरहेको छैन । कसैविरुद्ध अर्नगल प्रचार गर्नु, आरोप लगाउनु र मतदातालाई दिग्भ्रमित पार्न सक्ने दल र उम्मेदवार नै चुनावमा अघि हुने र जित्ने जोखिम बढेको छ । सामाजिक सञ्जालको अल्गोरिदममा फसाएर मतदाताको मन बाध्न खोज्नु लोकतन्त्रलाई संस्थागत गर्न बाधा पुऱ्याउनु हो । समाजमा बढिरहेको अराजकतालाई अझैं फैलाउनु हो । विचार निर्माण अध्ययनका आधारमा होइन्, सञ्जालमा दिइने दुष्प्रचारको आधारमा हुनु भनेको समाजलाई लहडी बनाउनु हो । लहडी समाज जता पनि बहन सक्छ, लहडी समाजले समस्या समाधानको बाटो पहिल्याउँदैन । त्यसले समस्याको चाङ खडा गर्दै अघि बढ्छ। समस्याको चाङ खडा गर्दै गएपछि अन्ततः समाजमा निराशाकै खेती हुन्छ। आपसी द्वन्द्वमा फस्दै निस्कनै नसक्ने सुरूङमार्गमा जाने खतरा बढ्छ।

अझैं समय छ, मतदाताको विवेकलाई स्वतन्त्रतापूर्वक छाड्नुपर्छ। कसैले दुष्प्रचार गरेर दिग्भ्रमित पार्न खोज्दा एउटा चुनाव जित्न वा कसैलाई हराउन सकिएला । अन्ततः त्यसले समाज र राष्ट्रले खोजेको परिवर्तन र राजनैतिक निकास दिँदैन् । विचार र एजेण्डाको स्वस्थ बहस गर्ने गराउने वातावरण तयार गरी मतदाताको स्वतन्त्रतालाई सम्मान गर्न सक्दा हाम्रो लोकतन्त्रले सही बाटो लिनसक्छ।

# साम्राज्यवादी चरित्र, ट्रम्पीयन दादागिरी र चुनौतीहरू !



एच.के. श्रेष्ठ

साम्राज्यवाद र उपनिवेशवाद लगभग उस्तै हुन् । साम्राज्यवादले उपनिवेश, सैन्य शक्ति र आर्थिक डोमिनेसनमार्फत् बाह्य देशहरुमाथि आफ्नो शक्ति र प्रभुत्व जमाउछ । साम्राज्यवादले बाह्य नक्सामात्र बदल्ने होइन, मनोवैज्ञानिक आतंक पनि मच्चाउँछ। भेनेजुएला आक्रमणपछि उत्तेजित भई आर्कटिक,साइबेरियन, ल्याटिन अमेरीकी, अरबियन क्षेत्रहरु र नाटो राष्ट्रहरुमा आतकंको दुस्प्रयास गरेको छ। 'अमेरिकन ड्रीम' तथा 'अमेरिका फर्स्ट' (प्रथम)को अवधारणाको वर्तमान ठेकेदार बनेको छ । नवसाम्राज्यवादको निन्दनीय उन्नायकको सक्रियतामा छ, ट्रम्प। ग्लोबल सम्बन्धमाथि चुनौती खडा गरेर एक्ल्याउँदै छ, अमेरिकालाई।

अमेरिकी राष्ट्रपतिकै इतिहासमा सबैभन्दा तानाशाही, क्रुर र आक्रमणकारी देखा परे ट्रम्प । उनको सक्रियतामा भेनेजुयलासहित सम्पूर्णमा गरिएको आतंकित साम्राज्यवादी हमला विश्वभर निन्दनीय छ। खनिज, संशाधन तथा इन्धनको लागि जुनसुकै हत्कण्डा प्रयोग गरेर युद्ध लड्ने अमेरिकी परम्परा नै हो। हालसम्म आठ सयभन्दा बढी देशमा सैन्य अखडा खडा गरिसकेको छ। ७० भन्दा बढी पटक अन्य देशको सत्ता ढाल्ने कुचेष्टा गरिसकेको छ। निरन्तरतामा जनवरी ३ मा भेनेजुएलाको स्वाभिमान राष्ट्रपति निकोलस माधुरो र उनको पत्नी सिलिया एडेला फ्लोरेसलाई निवासबाटै क्रुर ढङ्गले अपहरण गरेर अमेरिका पुऱ्यायो। मादुरोलाई सैन्य कारबाहीमार्फत् अपहरण गर्नु आफैँलाई अपहरण गर्नु हो। किनकि भोलिका दिनहरूमा अरु कोही शक्तिशाली राष्ट्रपतिले उसलाई पनि त्यही गर्न मिल्ने नजिर बसालेको छ। अझै बहुला र सनकि ढङ्गले अन्य राष्ट्रमाथि आक्रमण गर्ने धम्की दिएर दादागिरी मचाउँदै छ । यतिबेला अमेरिकी साम्राज्यवाद निकै आवेगी बन्दैछ। 'सूर्य उदाएपछि अस्ताउनपर्छ' भन्ने ट्रम्पले बुझ्न जरुरी छ। महाशक्तिहरू पनि एउटा क्लाइमेक्समा पुगेर पतन हुने इतिहासतर्फ झस्किनु जरुरी छ। अहिले जताततै आक्रमण तीव्र पार्नु साम्राज्यवादी घमण्ड र अतिवादको पतनकै यात्रा हो।

सन् १८२३ को राष्ट्रपति जेम्स मुन्रोको सिद्धान्तको निर्णायक मार्गमा ट्रम्प अघि बढेको छ । मुन्रोको सिद्धान्त युरोपलाई अमेरिकी महादेशबाट लखेट्नु थियो । ट्रम्पले कोलम्बिया, डेनमार्क, क्यानडा, मेक्सिको, क्युवा आदि राष्ट्रलाई प्रत्यक्ष धम्काउँदैछ। चीन, रूस, उत्तर कोरिया आदिसँग शीत युद्ध लड्दैछ । रूसको तेल ट्याङ्कर कब्जा गर्न पुगेको छ। इरानको आन्तरिक मामलालाई हस्तक्षेप गरेर आक्रमणको धम्की दिँदैछ । सिङ्गो लेटिन अमेरिकाको दादागिरी बनेको छ। सामरिक महत्वको अधिनायक बन्न खोज्दैछ। आर्कटिक क्षेत्र, नाटो र लेटिनअमेरिकाकै सम्राट बन्ने दुष्प्रयास गर्दैछ। ग्रिनल्यान्डका कब्जा गर्न खोज्दैछ। यसपछि क्यानडा कब्जा गर्ने तयारीमा उन्मत्त देखिन्छ।

कमजोर र प्राकृतिक धनि राष्ट्रहरुमाथि अनेक आरोप साम्राज्यवादी नियति हो। कसैलाई केही कसैलाई केही मिथ्या आरोप भिडाएको हुन्छ। लागुऔषध तस्करी गरेर अमेरिका पुऱ्याएको। आतंकवादी गिरोहसँग अमेरिकामा कुकिन पुऱ्याउने गरेको। यी बहाना र आरोपमा सहिन कक्षबाटै माधुरोको दम्पति उठायो। जो ऐतिहासिक अन्तराष्ट्रिय भुल गऱ्यो। "साम्राज्यवाद अपराधिक आक्रोस"अमेरिकन एन्टी साम्राज्यवादी लिगको भनाइ सार्थक तुल्यायो।

### आर्थिक साम्राज्यवाद

'पुँजीको राष्ट्रियकरणले युद्ध संग्रामतिर लिडिङ गर्दछ'। बिचारक निकोलाई बुखारिनको भनाइ छ। प्राचीन र मध्यकालीन सम्राज्यवादमा भूगोल र राजनीति प्रधान थियो । आधुनिक र ट्रम्प साम्राज्यवादमा आर्थिक साम्राज्य प्रधान छ। 'पुँजीवादको अन्तिम अवस्था साम्राज्यवाद हो। साम्राज्यवादको विकास पुँजीवादको चरम रूप हो।' लेनिनको यो भनाइलाई अमेरिकी ट्रम्पवादी साम्राज्यवादले निकै सार्थक तुल्याएको छ। जुनसुकै कमजोर र प्राकृतिक संसाधन र स्रोतका खानी राष्ट्रहरूमाथिको अमेरिकी हस्तक्षेपमा आर्थिक कारण नै हो। माधुरो माथिको आक्रमण नै त्यही हो। ग्रीनल्यान्डलाई अमेरिकामा गाभ्ने जबरजस्ती त्यही हो । क्यानडा कब्जा योजना, चीन, रुष आदिसँगको द्वन्द्वको कारण त्यही हो। अन्य देशलाई युद्ध गराउनु र हतियार बेच्नु सबै अमेरिकी आर्थिक साम्राज्यवाद हो।

### साम्राज्यवादको दूई हतियार

साम्राज्यवाद र उपनिवेशवादले निकै टेक्निक र कलात्मक बुद्धि प्रयोग गरेको हुन्छ। कुनै पनि कमजोर राष्ट्रमाथि उपनिवेश लाद्न वा साम्राज्य खडा गर्नको खातिर दुई खालको हतियार प्रयोग गर्दछ। एउटा नरम र अर्को कडा।

### नरम हतियार

साम्राज्यवाद तथा उपनिवेशवाद कुनै पनि देशमा सियो भएर पस्छ, हात्ती भएर निस्कन्छ। हरेक गतिविधि आफू अनुकुल गर्दछ । नरम हतियारअन्तर्गत अति चतुर कूटनीति, नीति, तरिका र कौशल्यपूर्ण व्यवहार पर्दछन् । साम्राज्य खडा गर्नु वा उपनिवेशको कब्जामा लिनुअघि धेरै हत्कण्डाहरू प्रयोग गर्दछ । साना र कमजोर राज्यमा प्रवेश गर्न विभिन्न जम्माजालको योजना बुन्छ । त्याहाँकै जनताको हित र देशको विकास गरिदिने नाटक गर्छ। जनतालाई फकाउँछ। आर्थिक सहयोगको र विभिन्न अवसरको लोभ देखाउँछ । विभिन्न प्रोजेक्टहरू लागू गर्छ । सम्बन्धित देशका शासक र जनतालाई फुटाउने भूमिका खेल्छ। क्षेत्रीय तथा इलाका सम्बन्ध भत्काइदिन्छ। "फुटाउ र राज गर" को सिद्धान्तको भरपुर प्रयोग गर्दछ। दल र शासकलाई भिडाउँछ, खटाउँछ, टुक्र्याउँछ। सकेसम्म आफ्नै अनुकूलको आज्ञाकारी कठपुतली सरकार बनाउँछ । तमाम अफ्रिकी मुलुकहरूमा युरोपियन उपनिवेशवादीराष्ट्रहरुले गरेको उदाहरण छ। सम्बन्धित देशमा व्यापार, धर्ममार्फत् र अन्य अन्तरजाल बिछ्याएर प्रवेश गर्दछ। त्यहाँको प्राकृतिक स्रोत, साधन, इन्धन, धनसम्पत्ति र संसाधनमाथि अनेक दाउपेज लगाउँछ । यो हत्कण्डाबाट उद्देश्य पूरा हुने मेसो नभए अझ अघि बढ्छ।

ती कमजोर मुलुकहरूलाई 'अदर' (अरु/ पराई) को रुपमा प्रस्तुत गर्दछ । सम्बन्धित राष्ट्रलाई कुरूप, असभ्य, कमजोर आदिको प्रोपकाण्ड फैलाउँछ। मार्जिनलाइज गराइदिने र विश्वसामु गलत देखाउदै गलत प्रचार गरिदिन्छ । त्यत्तिले पनि सफल नभए कर बढी लगाउने , टरीफ वा भन्सार महसुल वृद्धि गर्ने गर्दछ। नाकाबन्दी नै गरिदिन्छ। जो अमेरिकाले हाल विभिन्न युरोपियन नाटो र ग्रीनल्यान्ड लगायत इरान माथि गरिरहेको छ।

### कडा हतियार

यी हस्तक्षेपकारी अपराधी नरम गतिबिधिले सफल नभए अझ कडा कदम चाल्दछ। ती राष्ट्रका भूगोलमा आफ्नो सैन्य अखडा खडा गर्दछ। ती राष्ट्रका सरकार ढाल्ने भूमिका खेल्छ। जो अमेरिकाले अरेबियन, युरोपियन, अफ्रिकन मुलुकहरूमा गर्दै आएको हो र जारी नै छ। अन्तिम घडीमा निर्दयी र अमानवीय दानवीय ढङ्गले आक्रमणमा उत्रन्छ । आधुनिक, अत्याधुनिक हतियार प्रयोगमा खनिन्छ। अणु, परमाणुयुक्त हतियार, बमबारुद, विस्फोट गराउँछ।

विशाल शक्तिशाली र सशक्त आक्रमण चाल्छ। स्थल, हवाई, समुद्री सबै आक्रमणमा उत्रन्छ। मिसाइल, रकेट लन्चर, ड्रोन, युद्धपोत आदि सबैको प्रयोगसहित आतंक मच्चाउँछ । भेनेजुयला पछि अन्य नाटो र ल्याटिन अमेरिकन मुलुकहरूमाथि धम्की दिँदैछ।

जतिसुकै शक्तिशाली भए पनि र बाह्य आक्रमणमा अघि बढे पनि आफैलाइ चुनौति संगसंगै खडा हुन्छ। "हरेक क्रियामा बिपरित दिशाबाट तेहि बराबरको प्रतिक्रिया उत्पन्न हुन्छ" । न्युटनको तेस्रो नियम निस्चित सबैमा लागु हुन्छ। जति क्रियामा डोनाल्ड अघि बढेको छ। त्यतिनै आन्तरिक र बाह्य चुनौतीहरु छन्।

### आन्तरिक चुनौती

आफ्नै देशमा डोनाल्ड ट्रम्प असफल छन। एसएसआरएसले गरेको एक सर्वेक्षणअनुसार ५८% अमेरिकीले दोस्रो कार्यकालको पहिलो वर्ष असफल रहेको दाबी गरेका छन् । उनी देशको गलत कार्यमा केन्द्रित भएको बहुमत धारणा छ। ह्वाईटहाउस र सिनेटकालागि हुन गइरहेको आगामी निर्वाचनमा अर्थतन्त्र नै प्रमुख मुद्दा बन्नेछ । अन्य विषयभन्दा लगभग दुई गुणा बढी समस्या अर्थतन्त्रको रहेको अमेरिकी ठम्माइ छ। दुई वर्षदेखि आर्थिक अवस्था खराब बनाएको भन्ने प्रतिशत ५९% देखिन्छ। उपभोग्य वस्तुको मूल्य घटाउन नसकेको र आर्थिक डामाडोल गरेको तथ्याङ्क छ। ट्रम्पले देशको हितभन्दा व्यक्तिगत फाइदालाई जोड दिएको । ट्रम्पले आधा काम पनि गर्न नसकेको आफ्नै रिपब्लिकन दलको सन्तुष्ट आरोप छ। आम नागरिकको चासो नदिएको उनलाई राष्ट्रपतिको पदीय हैसियतमा ठिक छन भन्ने प्रतिशत ३५% मात्र भेटिएको छ।

भेनेजुएला घट्नाको अमेरिकीले नै विभिन्न सहरहरूमा विरोध प्रदर्शन गरेर चुनौती दिएका छन । "भेनेजुएलामा बम विस्फोट बन्द गर", "तेलको लागि रगत नबगाउ","युद्ध होइन ट्रम्प चाहिँदैन" जस्ता नारा लेखिएका प्लेकार्ड बोकेर नारा जुलुस गर्नु ट्रम्प र उनको भेनेजुएला आक्रमणप्रति ठूलो चुनौती हो। उता आफ्नै राष्ट्रपतिको प्रतिस्पर्धी कमला ह्यारिसले पनि ट्रम्पको उक्त आक्रमणको घोर विरोध गरिन् । यसअघि २ पटक महाअभियोग लगाइएको ट्रम्पलाई विपक्षी डेमोक्रयाट्ले महाअभियोग लगाउने हो कि भन्ने निकै त्रास छ।

### बाह्य चुनौती

जतिसुकै साम्राज्यवादी, उपनिवेशवादी र हस्तक्षेपकारी सैन्य दादागिरीमा ट्रम्प लागे पनि त्यही चुनौतीको प्रतिक्रिया अन्य सरोकारवाला राष्ट्र र विश्वकै देश र नागरिकबाट पाइरहेको छ । माधुरो घटनाको विश्वभरका देश र राजनीतिक दलबाट निन्दा र भर्त्सना भएको छ। चीन, रूस र उत्तर कोरियालगायतले कडा विरोध गरेको छ। रुसी तेल ट्यांकर कब्जाको जवाफमा अमेरिकाको समुद्री डकैतीलाई बलियो मिलिटरी जवाफ दिने रुसी कडा चेतावनी आयो । ग्रिनल्याण्डमा ट्रम्पविरुद्ध अहिलेसम्मकै ठूलो विरोध प्रदर्शन छ। "ग्रिनल्याण्ड बिक्रीको लागि होइन, हामी अमेरिकी हुन चाहँदैनौं" भन्ने विरोधका प्लेकार्ड बोकेका ग्रिनल्याण्डवासीको कडा आक्रोश थिए।

युरोपियन देशहरू अमेरिकाविरुद्ध खडा भई युरोप मिलेर अमेरिकालाई लखेट्ने चेतावनी दिएका छन । युरोपियन सेनाहरूसानै संख्यामा भए पनि ग्रीनल्याण्ड पुग्नु ट्रम्पलाई ठूलो सांकेतिक चुनौती हो । माधरो निकोलसलाई अपहरण गरेर अमेरिका लैजाँदा रुस र चिनले शैन्य आक्रमण गरेन। तथापि मौन आक्रमण सैन्य प्रदर्शनभन्दा कम महत्वको छैन । सैन्य मुठभेडमा नगई पर्ख र हेरमा गयो। चिन र रुस मौनता कमजोरी होइन दाउपेच हो । अमेरिकालाई भेनेजोयलाको आर्थिक भग्नावशेष सम्हाल्ने जिम्मामा छाडेका छन् । ३४ विलियन डलरको ऋण बोकेको अमेरिकाले भेनेजुयलाको तहस नहस अवस्थाको जिम्मा लिँदा अरबौं डलर खर्च गर्न पर्नेछ।

भेनेजुयलाको खाना, स्वास्थ्य, सुरक्षा र पुनर्निर्माणको जिम्मा लिनपर्नेछ। रुस र चिनले ऋण पासोमा फसाइदिने कुटिल चाल अमेरिकालाइ नै चुनौती हो । अमेरिकालाई सैन्य रुपमा रोक्नभन्दा आर्थिक रुपमै टाट पल्टिएको अवस्थामा जान दिने चलाखी हो। रुस र चिनले काराकासमा अमेरिकालाई विजयको उत्सव मनाउन दिनु निकै चतुऱ्याइ हो। अमेरिकाको आन्तरिक सन्तुलन बिग्रने गरी समस्याको भड्खारोमा हाल्दिएको हो।

यो शक्ति सन्तुलनको निकै चलाखी हो। सि जिङपिङले रुस र चीनको सम्बन्ध सबैभन्दा स्थिर, परिपक्व र रणनीतिक रुपमा महत्वपूर्ण भनेको छ। जो घुमाउँरो चुनौती हो। अमेरिका ६६ वटा अन्तर्राष्ट्रिय संस्थाबाट अलग्गिएर विश्वव्यापी सहकार्यबाट टाढिनु आफूमै चुनौती हो।

चीनसँगको व्यापार युद्धमा पनि पराजित छ। जनवरी १६ मा चिन र क्यानाडाको वर्षौं तनावपछि बेइजिङमा प्रारम्भिक व्यापार सहमति भएको छ। विद्युतीय गाडीको ट्यारिफ घटाउने, क्यानेडेलीलाई भिषा विना चिन प्रवेश दिने निर्णय गरेको छ। विगतमा अमेरिकाको सबैभन्दा निकट मानिएको क्यानडा चिनसँग यस्तो सम्झौता गर्नु अमेरिका र ट्रम्प प्रशासनसँग सम्बन्ध बिग्रिएको र निकै चिडिएको पुष्टी हो। यो सम्झौता गरेर अमेरिकालाई कुटनीतिक चुनौती दिएका छन्।

स्वयम् माधुरोसमेत कमजोर होइन । उनले आत्मसमर्पण गरेनन्, स्वाभिमान झुकाएनन् । माधुरोमाथिको आक्रमणको जवाफ स्वरुप विश्वबाटै निन्दाको वर्षा भयो। इरान, रुस, चीन, उ.कोरिया, टर्कीलगायतको सञ्चार माध्यमहरुले आलोचनाको चुनौती दिए। सार्वभौम सत्तामाथि नाङ्गो हस्तक्षेप, अन्तर्राष्ट्रिय कानुन उल्लंघन जंगली कानुन, खराब अध्याय र अधिपत्यको पराकाष्ठ आदि।

साम्राज्यवाद पतन हुनु अघि झन आक्रमक, हतास, उग्र, खतरनाक, हिंसात्मक र अनियन्त्रित हुँदै जान्छ। जब कूटनीति र अन्तर्राष्ट्रिय कानुनमाथि उठेर अर्को सार्वभौम राष्ट्रको जन निर्वाचित नेतृत्वलाई क्रुर ढंगले हटाउने र कब्जा गर्ने गर्छ, त्यो महाशक्ति पतन भयो भन्ने संकेत हो।

# नेपालमै पहिलोपटक सालक सम्मेलन माडीमा सुरु

नारायणगढ (चितवन) । नेपालमा पहिलोपटक सालकसम्बन्धी सम्मेलन सोमबार चितवनको माडीमा सुरु भएको छ। बागमती प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयको आयोजना तथा डिभिजन वन कार्यालयको संयोजनमा सम्मेलन आयोजना गरिएको हो।

डिभिजन वन कार्यालयका प्रमुख विष्णुप्रसाद आचार्यका अनुसार सम्मेलनमा राष्ट्रिय निकुञ्जका प्रमुख, बागमती प्रदेशअन्तर्गतका डिभिजन वन कार्यालयका प्रमुखहरू, वन्यजन्तु संरक्षण विभाग, सामुदायिक वनका प्रतिनिधि, वन्यजन्तु संरक्षणका क्षेत्रमा काम गर्ने विभिन्न सङ्घसंस्थाका प्रतिनिधि तथा विज्ञसहित २०० भन्दा बढीको सहभागिता रहेको छ।

सम्मेलनमा संरक्षित वन्यजन्तु सालकको वर्तमान अवस्था, संरक्षणको आवश्यकता, चुनौती तथा भावी रणनीतिका विषयमा छलफल गरिने प्रमुख आचार्यले जानकारी दिए। उनले भने-"आगामी दिनमा बागमती प्रदेशको एक सशक्त संरक्षण प्रतीकका रूपमा सालकलाई अघि बढाउन सम्मेलनले महत्त्वपूर्ण भूमिका खेल्नेछ।"

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले सालकलाई संरक्षित वन्यजन्तुको सूचीमा राखेको छ। हाल सालक लोपोन्मुख अवस्थामा पुगेको छ। किसानको साथीका रूपमा परिचित सालकले बालीनालीमा हानिकारक कीरोफट्याङ्ग्रा खाने भएकाले यसको संरक्षण अपरिहार्य रहेको आचार्यले बताए।

प्रदेश सरकारले सालक संरक्षणका लागि नीति तथा कार्यक्रम बनाई कार्यान्वयन अघि बढाएको छ। आउँदो वर्षदेखि नियमित र योजनाबद्ध रूपमा सालक संरक्षणका कार्यक्रम सञ्चालन गर्ने बागमती प्रदेश सरकारको योजना रहेको जनाइएको छ।

सालक एक स्तनधारी जनावर हो। विश्वमा सालकका आठ प्रजाति पाइन्छन् भने नेपालमा कालो (चाइनिज) र तामे (इन्डियन) गरी दुई प्रजाति पाइन्छन् । सालक नेपालका ६१ जिल्लामा तथा बागमती प्रदेशका सबै जिल्लामा पाइने गरिएको तथ्याङ्क छ।

वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार सालकको चोरी सिकारी तथा अवैध व्यापारमा संलग्न भएमा गम्भीर अपराध मानिनेछ। दोषी ठहर भएमा रु १० लाखसम्म जरिवाना तथा १५ वर्षसम्म कैद सजायको व्यवस्था रहेको छ। सालक निर्दोष र पारिस्थितिकीय दृष्टिले महत्वपूर्ण जनावर भएकाले यसको महत्त्व सबैले बुझ्न आवश्यक रहेको उनले जनाए।

# नेप्से परिसूचक २६ अंकले घट्यो

काठमाडौं । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सोमबार २६ दशमलव ०५ अङ्कले घटेर दुई हजार ६७२ दशमलव ३९ को बिन्दुमा कायम भएको छ।

विभिन्न ३२४ कम्पनीको दुई करोड ६७ लाख ६६ हजार ३४७ कित्ता शेयर एक लाख दुई हजार २८१ पटक खरिदबिक्री हुँदा रु १० अर्ब ७७ करोड ३९ लाख १५ हजार २८९ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा व्यापार समूह शून्य दशमलव २४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। दुई सय १२ कम्पनीको शेयर मूल्य घट्दा ४२ को मात्रै बढेको छ।

खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९७ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने मायाखोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य ५ दशमलव ४० प्रतिशतले घटेको छ।


## विनयी त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नवलपरासी,बर्दघाट सुस्ता पूर्व

गण्डकी प्रदेश, नेपाल

स्था : २०७३

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२/१०/२७**

यस कार्यालयबाट विभिन्न मितिमा तपसिल बमोजिम कार्यको लागि आह्वान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ।

तपशिलः

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. र प्रोभिजनलसम सहित ) |
|---|---|---|---|---|
| १ | 23/BTRM/ NCB /Works/ 2082-083 | Binayi Tribeni Adharbhut Hospital Compound | A.D.T.H. Construction & Suppliers Pvt.Ltd. Binayi Tribeni 02 Nawalparasi East Nepal | Nrs. 3918927.67 |
| २ | 25/BTRM/ SQ/Goods/ 2082-083 | Procurement of Agriculture and Livestock Machinery Goods | D. R Agro Solution Pvt. Ltd. Butwal, Rupendehi | Nrs. 1758000 |

प्रमुख प्रशासकीय अधिकृत

# दुर्गमलाई प्राथमिकता दिँदै माघ २८ देखि मतपत्र ढुवानी

काठमाडौँ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि आवश्यक पर्ने समानुपातिकतर्फको मतपत्र छपाइ कार्य सम्पन्न भएको जनक शिक्षा सामग्री केन्द्र प्रालिले जनाएको छ ।

निर्वाचन आयोगले जनकलाई यस पटकको निर्वाचनका लागि १ करोड ८९ लाख ३ हजार ६ सय ८९ मतदाताका लागि कुल मतपत्र ४ करोड ११ लाख थान छपाइ कार्यको जिम्मेवारी दिएको थियो । जनकका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले जनकले सोमबारसम्म समानुपातिक तर्फका आवश्यक पर्ने २ करोड ८ लाख थान मतपत्र पूर्ण रूपमा छपाइ कार्य सम्पन्न गरी ढुवानीको तयारी गरिरहेको बताए ।

'समानुपातिकतर्फको छपाइ कार्य समपन्न भएको छ । अब माघ २८ गतेदेखि दुर्गम क्षेत्रलाई प्राथमिकतामा राखेर ढुवानीको कार्य सुरु गर्ने कार्यतलिका छ,' प्रबन्ध निर्देशक पौडेलले नागरिकसँग भने-'जनक र निर्वाचन आयोगबिच समन्वय र सहकार्य गरी ढुवानीका लागि हेलिकप्टर र गाडी दुवै प्रयोग गरिने छ ।' उनले थपे-'प्रत्यक्ष निर्वाचन तर्फका लागि कुल २ करोड ३ लाखमध्ये १ करोड २५ लाख थान छपाइ कार्य सम्पन्न भएको छ । बाँकी रहेको ८३ लाख थान पनि एक साताभित्र सम्पन्न गर्ने जनकको तयारी छ ।'



मतपत्र छपाइबाट जनकले २४ करोड रुपैयाँ बराबरको कारोबार गर्ने जनकका प्रबन्ध निर्देशक पौडेलले बताए । जनकले नेपाली सेनाको सुरक्षा घेरामा दैनिक १५ लाख थान मतपत्र छपाइ कार्य गरिरहेको बताउँदै उनले मतपत्र छपाइ कार्यका लागि जनकका ३ सय कर्मचारीले चार वटा छपाइ मेसिनमा १५० जना नेपाली सेनाको सुरक्षा घेरामा छपाइ कार्य गरिरहेको उनले जनाए ।

'मतपत्र छपाइ निकै संवेदनशील कार्य हो । यस कारण छपाइ र ढुवानी कार्य निकै संवेदनशीलतापूर्वक जनकले गर्छ,' प्रवबन्ध निर्देशक पौडेलले भने-'मतपत्र जिल्लाको मतदाताको संख्याको आधारमा प्याकेजिङ गरी पठाउने हो, जिल्लाको सुरक्षाकर्मीको रोहवरमा मतदान केन्द्रका मतदान अधिकृतले मात्र उक्त मतपत्रको प्याकेज खोल्ने हो ।'

फागुन मसान्तभित्र जनकले १ करोड ७० लाख थान विद्यालय तहको पाठ्यपुस्तक छपाइको जिम्मेवारी पनि समानान्तर रूपमा पूरा गरिरहेको उनको दाबी छ । 'विद्यालय तहको पाठ्यपुस्तक मध्ये १० प्रतिशत छपाइ कार्य मात्र बाँकी छ,' उनले भने-'फागुन मसान्तभित्र पाठ्यपुस्तकको छपाइ कार्य सम्पन्न हुन्छ ।'

यसका साथै जनक शिक्षाले पछिल्लो समय सरकारी काम पाउन थालेको छ । सरकारले समेत विश्वास गरेकै कारण जनक सक्षम बन्दै गएको उनको भनाइ छ । 'गत साता प्रधानमन्त्री सुशीला कार्कीज्यु पनि जनकमा निरीक्षण गरी समयमै मतपत्र छपाइ कार्य सम्पन्न गरेकोमा धन्यवाद दिनु भयो,' उनले भने-'एसईई, सिभिइभिटी, मेडिकल आयोगको प्रश्नपत्रलगायत सबै तहसम्मको प्रश्नपत्र छपाइ र त्यसको संवेदनशीलता कायम गर्दै आएको छ । हाल जनकले नेपाल टेलिकमको ५ करोड थान रिचार्ज कार्ड छपाइको समेत काम गरिरहेको छ, हाल मासिक ५० लाख थान रिचार्ज कार्ड छपाइ कार्य भइरहेको छ ।'

## पर्यटकको आगमन
## १५.७ प्रतिशतले बढ्यो

बुटवल । सन् २०२६ को जनवरीमा नेपाल आउने अन्तर्राष्ट्रिय पर्यटकको आगमन १५.७ प्रतिशतले बढेको छ । सन् २०२५ को जनवरीको तुलनामा सन् २०२६ को जनवरीमा पर्यटकको आगमन उक्त प्रतिशतले बढेको हो ।

नेपाल पर्यटन बोर्डका प्रवक्ता सुनिल शर्माका अनुसार सन् २०२६ को जनवरीमा ९२ हजार पाँच सय ७३ जना अन्तर्राष्ट्रिय पर्यटकको आगमन भएको छ । सन् २०२५ को जनवरीमा ७९ हजार नौ सय ९१ जना अन्तर्राष्ट्रिय पर्यटकको आगमन भएको थियो ।

सन् २०२५ को तुलनामा सन् २०२६ को जनवरीमा १२ हजार पाँच सय ८२ अन्तर्राष्ट्रिय पर्यटकको आगमन वृद्धि भएको प्रवक्ता शर्माले बताए । नेपालमा सन् २०२६ को जनवरीमा १० देशका पर्यटकहरूको आगमन भएको छ । जनवरीमा भारतबाट सबैभन्दा बढी पर्यटकको आगमन भएकोमा सबैभन्दा कम भुटानबाट आगमन भएको छ ।

जनवरीमा भारतबाट २६ हजार ६ सय २४ जना पर्यटकको आगमन भएकोमा भुटानबाट तीन हजार १२ जना पर्यटकको आगमन भएको छ ।

यसैगरी चीनबाट नौ हजार एक सय एक जना, अमेरिकाबाट आठ हजार चार सय ६ जना, बाङ्लादेशबाट पाँच हजार आठ सय १४ जना र अस्ट्रेलियाबाट चार हजार नौ सय ५७ जना पर्यटकको आगमन भएको छ ।

यस्तै बेलायतबाट तीन हजार नौ सय ७३ जना, म्यानमारबाट तीन हजार तीन सय ९६ जना, दक्षिण कोरियाबाट तीन हजार दुई सय २६ जना र थाइल्यान्डबाट तीन हजार दुई सय पाँच जना पर्यटनकको आगमन भएको बोर्डले जनाएको छ ।

प्रवक्ता सुनिल शर्माका अनुसार पछिल्ला वर्षहरूमा गरिएको गन्तव्य प्रवर्द्धन, हवाई सम्पर्क विस्तार, साहसिक तथा सांस्कृतिक पर्यटनप्रतिको आकर्षण र अन्तर्राष्ट्रिय बजारमा नेपालको छवि सुधार हुनु आगमन वृद्धिको प्रमुख कारण हो ।

यी सकारात्मक तथ्यांकहरूले नेपाललाई 'लाइफटाइम एक्सपेरियन्स डेस्टिनेसन' का रूपमा स्थापित हुँदै गएको प्रवक्ता शर्मा बताउँछन् ।

सामाजिक सञ्जालका माध्यमबाट पनि पर्यटकीय स्थलहरूको प्रत्यक्ष प्रशारणलगायत प्रचारप्रसार समेत गर्ने गरिएको प्रवक्ता शर्माले बताए ।

## नगरपालिकामा...

सेवाग्राहीको सहजताको लागि अधिक सेवा दिनुको साटो कार्यालय नै खाली गरेर कर्मचारी बाहिरीने गरेका छन् ।

सेवाग्राहीहरु सेवा लिन कार्यालयमा बसे पनि कर्मचारीहरु भने कार्यालय समयमा नभेटिएका हुन्, जसले पालिकाले प्रदान गर्ने सेवा प्रभावित बनेका छन् । पालिकाका अनुसार कर्मचारीमा केही समस्या छ, अन्य समयमा पनि कर्मचारीले मनपरी गर्दै आएको आरोप छ ।

जानकारीबिनै पनि कर्मचारीहरु अनुपस्थित हुने गरेका छन्, कार्यालयमा पुग्दा अधिकांश शाखा र फाँटमा कर्मचारीका कुर्सी खालि थिए । पालिकाको आर्थिक शाखा, स्टोर शाखालगायतको शाखामा कर्मचारी मात्रै थिए भने अन्य शाखामा कार्यालय सहायक र तल्लो तहको कर्मचारीहरु मात्रै रहेको पाइएको हो ।

सिद्धार्थनगर नगरपालिकाकी उप-प्रमुख उमा अधिकारीले बिहान कार्यालय समयमा आउँदा २-३ वटा शाखामा मात्रै कर्मचारीहरु थिए, कोही कार्यालय आएर बाहिर गएको जस्तो भयो, तर दिउँसोमा पनि कर्मचारीहरु नदेखिएको बताइन । उनले केही कर्मचारीहरु मायादेवीमा खेल महोत्सव रहेकोले त्यहाँ गएको उनले बताइन् ।

अनुगमन प्रमुख समेत रहेकी उप-प्रमुख अधिकारीले प्रत्येक शाखामा सेवा अवरोध नहुने गरी सहजीकरण गरेर जानुपर्ने हो, यसमा कमिकमजोरी भएको जनाइन् ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनक थापाले मायादेवी गाउँपालिकाले कर्मचारीबिच भाइचारा र मनोबल वृद्धि गर्नका लागि जिल्लास्तरीय कर्मचारीहरु बिच क्रिकेट प्रतियोगिता आयोजना गरेकोले विगत ३ दिनदेखि खेलाडी र व्यवस्थपनको टिममा खटिएको र २ बजेपछि सेवा दिएको बताए । सेवाग्राहीलाई असुविधा हुने, काम अवरुद्धको सन्दर्भमा आलोपालो गएर जाने व्यवस्था मिलाएको बताउँदै उनले बन्दोबस्ती मिलाएर शाखाको काम कारबाहीलाई असर नपर्ने गरी आवश्यक कर्मचारी मात्रै जानका लागि प्रशासन महाशाखालाई आदेश

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.
## Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालयः बुटवल-१०, कालिकानगर, रुपन्देही
फोन नं. ०७१-४३८१७१, Email : info@jucbank.com.np; Web : www.jucbank.com.np

## Condensed Statement of Financial Position
### As on Second Quarter ended 30 Poush 2082 (14/01/2026)

Amount NRs.

